Vol. 9, No. 2, 2023 (December) 55–61
**The Journal of Knowledge and Innovation**
ISSN 2350-8884 (Print)

**Journal homepage**: https://www.nepjol.info/index.php/JKI
**Publisher**: Research Management Cell , Mahendra Morang A. M. Campus (Tribhuvan University) Biratnagar

# प्रोफेसर शर्माको डायरी लामो कवितामा बहुलार्थी प्रयोग

**डा. दुर्गाबहादुर घर्ती**
नेपाली, केन्द्रीय विभाग

Email: durgagharti@gmail.com

## लेखसार

प्रस्तुत लेख विप्लव ढकालको प्रोफेसर शर्माको डायरी लामो कवितामा प्रयुक्त बहुलार्थी प्रयोगको अध्ययनमा केन्द्रित छ । कविताको लामो संरचनामा आख्यानको समावेश गरिएको पाइन्छ । घटना, पात्र, परिवेश जस्ता कुरा आख्यान संरचनाका लागि अपरिहार्य हुन्छ । प्रस्तुत लामो कवितामा आख्यानको प्रयोग गरिएको छ । यसमा प्रोफेसर शर्माको डायरीको कथा प्रस्तुत गरिएको छ । त्यस कथाको घटना, पात्र र वस्तुलाई विभिन्न अर्थमा बुझ्न सकिन्छ । शब्दको अर्थगत बहुलताको सैद्धान्तिक आधार उत्तरसंरचनावादी अवधारणा हो । त्यसको आरम्भ विनिर्माणवादबाट भएको हो । विनिर्माणवादका स्थापना ज्याक डेरिडाले गरेका हुन् । शब्दसँग अर्थ वा विचार पनि जोडिएर आउने हुनाले त्यसलाई अर्थकेन्द्रवाद पनि भन्न सकिन्छ । केन्द्रले संरचनाको खेललाई बन्द गरिदिन्छ भन्ने डेरिडाको मान्यता छ । केन्द्रको अनुपस्थितिमा हरेक कुरा सङ्कथन बन्दछ र अनन्त अर्थको खेल विस्तार गर्दछ । भाषाले कुनै विचार, वस्तु, व्यक्ति आदिको सङ्केत गर्दछ । त्यस सङ्केतले केन्द्रलाई प्रतिस्थापित गर्दछ । सङ्केतअन्तर्गत सङ्केतक र सङ्केतित पर्दछन् । शब्दकेन्द्रवाद द्विचर विरोधमा अडेको हुन्छ । डेरिडाले द्विचर विरोधको विलोपन र विपर्यास गरेका छन् । उनले आफ्ना अवधारणा 'डिफराँस' का आधारमा प्रस्तुत गरेका छन् । त्यो भनेको परम्परागत अर्थ स्थगित हुनु र अर्थ अन्यभन्दा भिन्न हुनु हो । त्यस प्रक्रियामा एउटा शब्दबाट अरू अर्थ बन्दै जान्छ र अर्थ चिप्लिरहने हुन्छ । अर्थका सम्बन्धमा अन्य उत्तरसंरचनावादी विद्वान्हरूले पनि आफ्ना दृष्टिकोण प्रस्तुत गरेका छन् । प्रस्तुत कविताको घटना, पात्र र वस्तुलाई विभिन्न अर्थमा बुझ्न सकिन्छ । तिनले सोझो अर्थमा शैक्षिक जगत्मा देखिने विकृतिको यथार्थलाई बुझाउने भए पनि त्यसलाई राजनीतिशास्त्र, मनोविश्लेषण, अस्तित्ववाद, शक्तिकेन्द्रका आधारमा पनि हेर्न सकिन्छ । प्रस्तुत लामो कविताका विषयमा विभिन्न विद्वान्हरूले विभिन्न ढङ्गमा अध्ययन गरे पनि अनेकार्थी प्रयोगका अध्ययन भएको पाइँदैन । त्यही नै प्रस्तुत अध्ययनको अनुसन्धान अन्तराल हो । यस अध्ययनमा पुस्तकालयकार्यद्वारा सामग्री सङ्कलन गरिएको छ र सामग्रीको विश्लेषण गुणात्मक पद्धतिअन्तर्गत पाठात्मक विश्लेषण विधिमा गरिएको छ । अनेकार्थी प्रयोगका दृष्टिले प्रस्तुत लामो कविता सफल रहेको छ भन्ने यस अध्ययनको निष्कर्ष हो ।

**शब्दकुञ्जी:**
आख्यान, वस्तु, सङ्कथन, सङ्केत, सहभागी

**Article information**
Manuscript received: August 17 2023; Accepted: October 5, 2023
DOI https://doi.org/10.3126/jki.v9i2.57721
This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयप्रवेश

विप्लव ढकाल नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । उनले कविता, कथा, नाटक, समालोचना जस्ता विभिन्न क्षेत्रमा कलम चलाएका छन् । उनको प्रतिभाले बढी अभिव्यक्ति पाएको विधा भने कविता हो । हिउँको यात्रा (२०४५), निर्जन बन्दरगाह (२०५१), कालो मध्यान्तर (२०६०) कवितासङ्ग्रहपछि प्रोफेसर शर्माको डायरी (२०६५) लामो कविता देखापर्दछ । लामो कविता पाश्चात्य कविता संरचनाको रूप हो र त्यसलाई पूर्वीय खण्डकाव्यको समकक्षी मानिन्छ । खण्डकाव्य फुटकर कविताभन्दा लामो र महाकाव्यभन्दा सानो आयामविस्तारको रचना हो । नेपाली साहित्यमा विशेषगरी प्रयोगवादी काल र त्यसपछिका समयमा लामो कविता लेखिएको देखिन्छ । लामो कवितामा आख्यान मिसिएर आउनसक्छ र विषयवस्तुमा केन्द्रित आख्यानविहीन वर्णनविस्तार पनि हुनसक्छ । प्रस्तुत लामो कविता आख्यानात्मक प्रकारको छ । यसमा प्रोफेसर शर्माको डायरी हराएको र त्यसबाट उत्पन्न परिस्थितिको कथा प्रस्तुत गरिएको छ । यसमा सामान्यतः विश्वविद्यालयमा प्राध्यापन गर्ने

प्रोफेसरहरूको प्रवृत्तिको चित्रण गरिएको छ । तर त्यो त्यत्तिमै सीमित देखिँदैन । त्यसले विभिन्न अर्थ वहन गरेको देखिन्छ । त्यसप्रकारको अर्थहुलतालाई हेर्ने सैद्धान्तिक आधार उत्तरसंरचनावादी अवधारणा हो । उत्तरसंरचनावाद संरचनावादको विरोधमा देखापरेको हो । त्यसको अग्रणी चिन्तक ज्याक डेरिडा हुन् । उनले प्रस्तुत गरेको मान्यतालाई विनिर्माण भनिन्छ । विनिर्माण संरचनाको ध्वंस नभएर शब्दको अर्थ सीमित र निश्चित नभएर असीमित र अनन्त हुन्छ भन्ने मान्यता हो । त्यस मान्यताका आधारमा प्रस्तुत लामो कविताको घटना, पात्र र वस्तुको अर्थ अनेक प्रकारको देखापर्दछ । यस कविताका बारेमा विभिन्न विद्वान्हरूले विभिन्न प्रकारले अध्ययन गरेको देखिने भए पनि बहुलार्थी प्रयोगको अध्ययन भएको छैन । त्यही नै प्रस्तुत अध्ययनको अनुसन्धान अन्तराल हो । त्यही अभावको पूर्तिका लागि प्रस्तुत अध्ययन गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनका लागि सामग्रीको सङ्कलन पुस्तकालयय कार्यबाट गरिएको छ । तीमध्ये विप्लव ढकालको प्रोफेसर शर्माको डायरी लामो कविता प्राथमिक सामग्री र अर्थकेन्द्रवादसम्बन्धी सिद्धान्तका सामग्री द्वितीयक सामग्रीका रूपमा रहेका छन् । उक्त सामग्रीलाई टिपोट विधिका आधारमा सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषण गुणात्मक पद्धतिमा गरिएको छ । तर्क, व्याख्या र विश्लेषणद्वारा निष्कर्षमा पुग्ने काम भएको छ । त्यसका लागि पाठात्मक विषयवस्तु विश्लेषण विधि अवलम्बन गरिएको छ । प्रस्तुत अध्ययनका लागि सैद्धान्तिक ढाँचा उत्तरसंरचनावादी सिद्धान्तमा आधारित छ । सैद्धान्तिक ढाँचा र विश्लेष्य सामग्रीका आधारमा अवधारणात्मक ढाँचाको निर्माण गरिएको छ । बहुलार्थी प्रयोग यस अध्ययनको मुख्य अवधारणा हो र घटनाको अर्थ, प्रोफेसर शर्माको अर्थ र डायरीको अर्थ त्यसका सूचक हुन् ।

## बहुलार्थी प्रयोगको सैद्धान्तिक आधार

शब्दको अर्थगत बहुलताको मान्यता उत्तरसंरचनावादसँग सम्बन्धित छ । उत्तरसंरचनावाद संरचनावादको विरोधस्वरूप जन्मेको नौलो अवधारणा हो । उत्तरसंरचनावादी चिन्तनमा विनिर्माणवाद सर्वाधिक चर्चित र प्रभावकारी रहेको छ । त्यसमा ज्याक डेरिडाको अग्रणी भूमिका छ भने रोलाँ बार्थ, ज्याक लकाँ, मिसेल फुको आदिको सहकारी भूमिका रहेको छ । ज्याक डेरिडाले सन् १९६६ मा जोन्स हप्किन्स युनिभर्सिटीमा प्रस्तुत गरेको 'स्ट्रक्चर, साइन एन्ड प्ले इन द डिस्कोर्स अफ द ह्युमन साइन्सेज' शीर्षकको लेखमा संरचनावादी विचारधाराको खण्डन गर्दै संरचनावादलाई अन्य पुरानो दर्शन जस्तै अर्थकेन्द्रवादी अवधारणा भन्दै आलोचना गरेका छन् ।

अर्थकेन्द्रवादलाई अङ्ग्रेजीमा 'लोगोसेन्ट्रिजम' भनिन्छ । यो ग्रिसेली 'लोगोस' बाट बनेको हो जसको अर्थ विचार, शब्द, कथन, कारण, सङ्कथन आदि भन्ने हुन्छ । 'लोगोसेन्ट्रिजम' लाई शब्दकेन्द्रवाद भनिए पनि शब्दसँग अर्थ वा विचार पनि जोडिएर आएको हुन्छ । लोगोस केवल उच्चरित शब्द नभएर यो स्वयम् सत्य हो, यसमा ब्रह्माण्डको वास्तविकताअनुरूप विचारको तर्कसङ्गत सामग्री हुन्छ (हबिब, सन् २००५, पृ. ६५०) । शब्द भनेको सङ्केत हो, त्यसले वस्तु वा यथार्थको प्रतिनिधित्व गरेको हुन्छ । सङ्केतअन्तर्गत सङ्केतक र सङ्केतित हुन्छन् अर्थात् ध्वनि वा वर्णहरूको समूह र त्यसको अर्थ हुन्छ । 'लोगोसेन्ट्रिजम' मा विचार आन्तरिक पक्ष हो, प्राथमिक हो र त्यसलाई बाहिर ल्याउन भाषाले मद्दत गर्दछ, त्यसैले भाषा द्वितीयक हो । प्लेटोदेखि ससुरपूर्वका दार्शनिकहरूले भाषालाई विचार सम्प्रेषणको माध्यम, वाहन, सहयोगी मानेका छन् । ससुरले सर्वप्रथम भाषालाई महत्त्व दिए र अर्थलाई भाषाद्वारा उत्पादित प्रभाव भनेका छन् । डेरिडाले पनि भाषालाई प्राथमिक मानेका छन् । उनका विचारमा भाषा विचारको सञ्चारको माध्यम नभएर भाषा पूर्णतः वैचारिक हुन्छ । भाषामा सचेतताविना नै विचारधाराहरूले कार्य गर्दछन् । डेरिडाले ससुरको भाषाविज्ञानलाई आधार बनाए पनि त्यसलाई पनि शब्दकेन्द्रवादी भनेका छन् । ससुरले उदाहरणका रूपमा शब्दलाई कागजको एकातिरको पाटो र अर्थलाई त्यसैको अर्कातिरको पाटो मानेका छन् (ससुर, १९५९, सन् पृ. १३) । उनले त्यसलाई ध्वनिबिम्ब पनि भनेका छन् । ध्वनि सुन्दा वस्तुको चित्र मानसपटलमा अङ्कित हुन्छ र अर्थबोध हुन्छ भन्ने उनको मान्यता हो । डेरिडा शब्द र अर्थको सोझो सम्बन्ध हुने कुरा स्वीकार गर्दैनन् । भाषाले न त वस्तुको न त विचारको प्रतिनिधित्व गर्दछ, त्यो त सङ्केतकको खेल हो भन्ने उनको धारणा रहेको छ ।

केन्द्रले संरचनाको खेललाई बन्द गरिदिन्छ । केन्द्र भनेको विषयवस्तु, तत्त्व वा पदहरूको स्थापनापन्न हो जुन धेरै बेर रहिरहन सम्भव हुँदैन । केन्द्र समग्रताको केन्द्रमा हुन्छ, तर केन्द्र समग्रताको अंश हुँदैन । केन्द्र केन्द्र हुँदैन (डेरिडा, सन् १९७८, पृ. ३५१—३५२) । सारतत्त्व, अस्तित्व, पदार्थ, विषय, सत्य, पारलौकिकता, चेतना, ईश्वर, मानव आदि केन्द्र हुन् । केन्द्रको अनुपस्थितिमा हरेक कुरा सङ्कथन बन्दछ र अनन्त अर्थको खेल विस्तार गर्दछ (पृ. ३५४) । केन्द्रको निर्धारण गर्न र समग्रताको पूर्ण व्याख्या गर्न कसैले पनि सक्तैन किनभने सङ्केतले केन्द्रलाई प्रतिस्थापित गर्दछ (पृ. ३६५) । सङ्केतअन्तर्गत सङ्केतक र सङ्केतित पर्दछन् । भाषा भन्नाले जसरी सञ्चार, अभिव्यक्ति, सङ्केतन, अर्थ वा विचार भन्ने बुझिन्छ, त्यसैगरी त्यसले विशेष, व्युत्पन्न, पूरक भन्ने बुझाउँदैन । सङ्केतकले अवास्तविक भए पनि एकभन्दा बढी अर्थ बुझाउँछ र सङ्केतकको सङ्केतक बन्दछ (डेरिडा, सन् १९९७, पृ. ७) । डेरिडाले शब्दमा निश्चित अर्थ हुन्छ, भाषाको कथ्य रूप मानसिक अनुभूति वा बिम्ब र लेख्य रूप त्यसको प्रतीक भन्ने प्लेटोदेखि ससुरसम्मको परम्परागत धारणालाई शब्दकेन्द्रवाद भनेका छन् । शब्दकेन्द्रवाद द्विचर विरोधमा अडेको हुन्छ । डेरिडाले शब्दकेन्द्रवाद र द्विचर विरोधको अवधारणाको खण्डन गर्दै कथनभन्दा पहिला स्मृतिको आद्यपरिघटना हुन्छ, आद्यलेखनका रूपमा विचार वा अर्थ मनमा लेखिएको हुन्छ, त्यही मानसिक छाप नै सङ्केतकका रूपमा बोलीमा प्रकट हुन्छ भनेका छन् । त्यो मानसिक छाप द्विचर विरोधभन्दा अगाडि हुन्छ । शब्द र धारणाले अर्थ केवल भिन्नताहरूको शृङ्खलामा प्राप्त गर्दछन् (पृ. ७०—७१) । डेरिडाको मान्यतामा द्विचर विरोधको विलोपन र विपर्यास गरिएको पाइन्छ ।

विनिर्माण भनेको ध्वंस होइन, परम्परागत अर्थलाई छोडेर नयाँनयाँ अर्थको खोजी गर्नु हो, त्यसको पुनर्निर्माण हो । डेरिडाले आफ्ना अवधारणा प्रस्तुत गर्न 'डिफराँस' लाई अघि सारेका छन् । उनले सन् १९६८ मा सोसायेटे फ्राँसेज द फिलोसफीमा प्रस्तुत गरेको 'डिफराँस' शीर्षकको प्रवचनमा शब्दको अर्थ अनन्त र अनिश्चित हुने कुरा उल्लेख गरेका छन् । उनका अनुसार 'डिफराँस' शब्द पनि होइन र अवधारणा पनि होइन । यसको अर्थ जान्नका लागि ल्याटिन शब्द 'डिफरर' को अर्थ बुझ्नु आवश्यक हुन्छ । त्यसका दुईओटा विशिष्ट अर्थ हुन्छन्— स्थगित गर्नु र भिन्न हुनु । तिनै अर्थमा 'डिफराँस' शब्दको प्रयोग हुन्छ । स्थगन कालिक र भिन्नता स्थानिक हुन्छ । भाषा सङ्केतहरूको व्यवस्था हो । सङ्केतले उपस्थितको प्रतिनिधित्व गर्दछ, त्यसमा उपस्थितको अनुपस्थिति हुन्छ । सङ्केतले उपस्थितको स्थान लिन्छ । सङ्केतमा वस्तु वा अवस्था देखाउन सक्दिँन । त्यसैले सङ्केत भनेको स्थगित उपस्थिति हो । त्यस्तो स्थगित उपस्थितिको लक्ष्य अर्को उपयुक्त कुराप्रति हुन्छ । भाषाको व्यवस्थामा केवल भिन्नताहरू हुन्छन् । यी भिन्नताहरू एकातिर भाषामा खेल्दछन् भने अर्कातिर ती स्वयम् प्रभाव हुन् । त्यसैले 'डिफराँस' खेलको गतिविधि हो जसले यी भिन्नताहरू, यी भिन्नताका प्रभावहरू उत्पन्न गर्दछ (डेरिडा, सन् १९८२, पृ. ७—११) । परम्परागत अर्थ स्थगित हुनु र भिन्न अर्थको बोध हुनु 'डिफराँस' को खेल हो । कुनै पनि शब्द अन्यभन्दा भिन्न हुन्छ र त्यसले अरूले भन्दा भिन्न अर्थ बोध गराउँछ । त्यसैगरी अर्थ परम्परागत हुन्छ तर सन्दर्भअनुसार शब्दले परम्परागत अर्थ मात्र नभएर अन्य भिन्नभिन्न अर्थ पनि बुझाउँछ, परम्परागत अर्थ स्थगित हुन्छ । जस्तो— राम सोझो केटो हो भन्दाखेरि अरू केटा सोझा छैनन् भन्ने अर्थ पनि लाग्छ । त्यसैगरी सोझो भन्दा सोझो रुख, सोझो बाटो, सोझो कुरा आदि बुझिनसक्छ । फेरि रुखभन्दा हरियो वृक्ष, घाँसको बोट, फलको बोट, शीतल छहारी दिने वृक्ष आदि बुझिनसक्छ । त्यसरी एउटा शब्दबाट अरू अर्थ बन्दै जान्छ । यसरी अर्थ चिप्लिरहने हुन्छ र अर्थको अनन्त खेल आरम्भ हुन्छ ।

पाठको अर्थका बारेमा उत्तरसंरचनावादी विभिन्न विद्वान्हरूले विभिन्न ढङ्गमा आफ्ना विचार प्रस्तुत गरेका छन् । ल्योटार्ड (सन् १९८४) ले

विज्ञान र प्रविधिलाई सङ्कथनको एउटा प्रकार भनेका छन् । तिनले भाषाका साथ कार्य गर्दछन् । तर ज्ञानको प्रकृति अपरिवर्तनीय हुँदैन (पृ. ३—४) । रोलाँ बार्थ (सन् १९७७) का विचारमा पाठमा अर्थको बहुलता हुन्छ (पृ. १५९) । ज्याक लकाँले व्यक्तित्व विकास काल्पनिक अवस्था, प्रतीकात्मक अवस्था र यथार्थका रूपमा हुने उल्लेख गरेका छन् । यथार्थ कहिल्यै सही ढङ्गमा निर्धारित हुनसक्तैन । हामी यथार्थलाई असम्भवका रूपमा चिनाउन सक्छौँ (लकाँ, सन् १९७७, पृ. २२ र १६७) । लकाँको यथार्थ इम्यानुएल कान्टले भनेको 'न्युमिना' सँग निकट छ । फुको (सन् १९७०) का विचारमा परम्परागत व्याकरणको कार्य प्रतिनिधित्वको क्रमिक शृङ्खलामा भाषालाई कसरी चिनाउने भन्ने थियो । त्यसका विपरीत अहिले यसको कार्य वस्तुहरूलाई कसरी प्रतिनिधित्व दिनसकिन्छ भनेर देखाउनु हो । प्रतिनिधित्वको प्रधानता लोप भएपछि सङ्कथनको सिद्धान्त वियोजित हुन्छ (फुको, सन् १९७०, पृ. ३६७) । यी जम्मै धारणाले अर्थ निश्चित हुँदैन र अर्थ परिवर्तशील र प्रतिनिधिमूलक हुने कुरालाई औँल्याएका छन् ।

## कविताको आख्यान : घटनाको अर्थ

प्रस्तुत लामो कविता आख्यानसँग उनिएर आएको छ । आख्यान कविताको अनिवार्य अङ्ग होइन, तर वर्ण्य विषयको विस्तृतिमा आख्यानले कवितामा स्थान पाउन सक्छ । महाकाव्य, खण्डकाव्य र लामो कवितामा आख्यानको समावेश गरिएको पाइन्छ । कवितामा आख्यानको उपस्थिति कथा कथनको कौशल एवं काव्यकलाको समुच्चय हो । त्यसमा कथाको गतिले कविताको गहनतालाई ओझेलमा पार्ने र कविताको भावज्वारले कथालाई शिथिल तुल्याउने खतरा सधैँ रहिरहन्छ । त्यो जोखिम उठाउने काम प्रोफेसर शर्माको डायरीले गरेको छ र यसले प्रोफेसर शर्माको डायरीको कथा भन्छ । कथाको उठान यसरी गरिएको छ :

आज तीस वर्षपछि
प्रोफेसर शर्माको कालो ब्यागबाट
एउटा पुरातात्त्विक डायरी हरायो !
त्यो डायरीसँगै
वर्षौं पुरानो
ज्ञानको एउटा
उज्यालो इतिहास हरायो ! (पृ. ३)

डायरी प्रोफेसर शर्माका लागि सर्वस्वका रूपमा देखापर्दछ । त्यो हराएपछि उसको भविष्य अन्धकार बनेको छ । अब उसले के गर्छ भन्ने कुराले कौतूहल सिर्जना गर्दछ । डायरी हराएपछि प्रोफेसर शर्माले भोग्नुपरेको मुख्य समस्यालाई यसरी देखाइएको छ :

जलिरहेको युद्धभूमि जस्तो
कोलाहलमय कक्षाकोठाभित्र
विचारको कुनै हतियार नबोकी
कसरी प्रवेश गर्ने अब ? (पृ. ६)

प्रोफेसर शर्माका सबै ज्ञानको भण्डारका रूपमा रहेको त्यो डायरी हराएपछि उसलाई कक्षाकोठामा प्रवेश गर्न कठिन भएको छ । डायरी हराएपछि प्रोफेसर शर्माको अवस्थालाई यसरी प्रस्तुत गरिएको छ :

प्रोफेसर शर्मा
यस्तो एक्लो, अनाथ र निरीह
कहिल्यै भएको थिएन ! (पृ. ८)

डायरीका आधारमा नै कक्षा लिने भएकाले त्यो हराएपछि प्रोफेसर शर्मा निरीह बनेको छ । डायरी हराएपछि प्रोफेसर शर्माले गरेको स्वतन्त्र निर्णय यस्तो छ :

डायरी हराएको तीन दिनपछि
अचानक
प्रोफेसर शर्मा पनि
पुरानो म्युजियम जस्तो
आफ्नो जीर्ण
र अस्तव्यस्त निवासबाट
रहस्यमय ढङ्गबाट हरायो (पृ. १९)

डायरी हराएपछि प्रोफेसर शर्मा हतोत्साही र निराश बनेको छ । उसले फेरि अर्को डायरी बनाउनुभन्दा पलायनको बाटो रोजेको छ । उसले विश्वविद्यालयमा भोग्नुपरेको परिस्थिति यस्तो थियो :

तर सबैतिरबाट
तिरस्कृत र अपहेलित
एउटा कुरूप बिरालो जस्तै
प्रोफेसर शर्मा त
जीवनभर
कुण्ठित र पराजित नै रह्यो ! (पृ. ३२)

प्रोफेसर शर्माको डायरी अन्यत्र कतै हराएको नभएर त्यहीँका नयाँ प्रोफेसरहरूका हातमा परेको थियो । उनीहरूले त्यसको अंशलाई बाँडीचुँडी लिएका थिए । डायरी नयाँ प्रोफेसर शर्माहरू जन्माउने आधार पनि हो :

पुरानो डायरी
हराएको केही वर्षपछि
विश्वविद्यालयमा
थुप्रै–थुप्रै
नयाँ प्रोफेसर शर्माहरूको
जन्म भयो ! (पृ. ३७)

नयाँ प्रोफेसर शर्माहरूले प्रोफेसर शर्माको डायरी हातपारे पनि उनीहरूमा पुरानो शर्माप्रति डर भने छ । डायरी उसको निजी सम्पत्ति हो । प्रस्तुत कविता प्रश्नमा टुङ्गिएको छ :

यदि पुरानो प्रोफेसर शर्मा
आफ्नो डायरी खोस्न
सफल भयो भने
भोलिदेखि
के गर्लान्
नयाँ प्रोफेसर शर्माहरू ? (पृ. ५२)

कथाको अन्त्यले पाठकको जिज्ञाशा निःशेष हुँदैन । त्यहाँ सम्भावित घटनाको परिकल्पना गर्ने ठाउँ छ । आख्यानको पूर्णताका लागि आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको हुनुपर्छ । आदि भागले भावी घटनाप्रति जिज्ञासा सिर्जना गर्नुपर्छ, मध्य भागले पूर्ववर्ती जिज्ञासा शान्त पार्दै भावी जिज्ञासा उत्पन्न गर्नुपर्छ । अन्त्य भागले सम्पूर्ण जिज्ञासा निःशेष गर्नुपर्छ । यस कवितामा आदि, मध्य र अन्त्यको क्रम मिले पनि सम्भावित घटनाप्रति सोच्न लगाएको छ ।

सरसर्ती हेर्दा प्रोफेसर शर्माको डायरीको कथा सोझो छ, कथन सरल छ । तर प्रश्न उठ्छ— यो कविता के प्रोफेसर शर्माको डायरी हराएको कथा भन्नमा मात्र सीमित छ ? के यो कविता विश्वविद्यालय र प्रोफेसरहरूको समस्याको कथा मात्र हो ? प्रोफेसर शर्मा को हो ? र उसको डायरीले बुझाउने अर्थ के हो ? यस्तै यस्तै अनगिन्ती प्रश्न गर्न सकिन्छ यस कवितामाथि । अरू अरू साहित्यिक रचनाहरू जस्तै यो कविता पनि शब्दको खेल नै त हो । शब्दपिच्छे, कथनपिच्छे बग्रेल्ती प्रश्नहरू उठ्छन् अर्थको । अर्थ कहिल्यै पुग्न नसकिने पहाड बन्छ, अर्थ निरन्तर चिप्लिरहन्छ ।

प्रस्तुत लामो कविताको घटनालाई विभिन्न अर्थमा बुझ्न सकिन्छ । सामान्यतः त्यसलाई नेपालको शैक्षिक जगत्मा अझ विश्वविद्यालयमा देखिने विकृतिको यथार्थका रूपमा लिनसकिन्छ । पुरानो डायरीका आधारमा पुरानै कुरा पस्किने र नयाँ ज्ञानको खोजी नगर्ने अर्थात् ज्ञानको निर्माणतर्फ नलाग्ने प्रवृत्ति विश्वविद्यालयमा व्याप्त छ । अध्ययनअध्यापनभन्दा बरु नेताको पछि लाग्ने प्रवृत्ति प्राध्यापकहरूमा व्यापक छ । नेतृत्वले पनि अध्ययनमा लागेकालाई भन्दा आफ्नो पछि लाग्नेहरूलाई प्रश्रय दिने भएकाले त्यसो भएको देखिन्छ । प्राध्यापनमा प्रवेश गरेका नयाँ पुस्ता पनि पुरानै पुस्ताको ज्ञानमा आधारित छ । उनीहरू आफूले मेहनत गर्नुभन्दा पुरानै ज्ञानको अनुसरणमा लागेका छन् ।

प्रस्तुत लामो कविताको घटनालाई राजनीतिक रूपमा पनि बुझ्न सकिन्छ । नेपालमा तीस वर्षसम्म शासन गरेको व्यवस्था र त्यसलाई थाम्ने सङ्कथनको अर्थ नेपालको राजनीतिक इतिहासमा सजिलै फेला पार्न सकिने कुरा हो । नेपालमा पञ्चायती व्यवस्थाले तीस वर्षसम्म शासन गर्‍यो । देशको हावापानी सुहाउँदो व्यवस्था, मिश्रित अर्थतन्त्र, निर्दलीय प्रजातन्त्र, राष्ट्रिय एकताको प्रतीक राजतन्त्र आदि आदि सङ्कथन त्यस

व्यवस्था अडिने आधार हुन् । संविधान नै त्यस व्यवस्थाको सबभन्दा बलियो सङ्कथन हो । तीस वर्षसम्म जब ती सङ्कथन सत्य साबित भएनन्, जब ती सङ्कथनले विश्वसनीयताको आधार प्रदान गर्न सकेनन् अनि ती सङ्कथनप्रति मोहभङ्ग हुनु, वितृष्णा जाग्नु स्वाभाविक हुन्छ । पञ्चायत व्यवस्था आफैँमा महाआख्यान हो । महाआख्यानले विश्वसनीयता गुमाइसकेको छ (ल्योटार्ड, सन् १९८४, पृ. ३७) । पञ्चायती व्यवस्थाले पनि विश्वसनीयता गुमाएको छ र त्यसको अन्त्य भएको छ ।

प्रोफेसर शर्मालाई पञ्चायती व्यवस्थाको सञ्चालक र डायरीलाई त्यस व्यवस्थाको सङ्कथन भन्ने अर्थ मान्दा अरू प्रोफेसर शर्माहरूलाई बहुदलीय व्यवस्थाका समर्थक, पार्टीका अनुयायीका रूपमा लिनसकिन्छ । उनीहरू पनि एक एकओटा पुराना डायरी अर्थात् पुराना सङ्कथन बोकेर हिँड्छन् । उनीहरू र प्रोफेसर शर्माका बिच समानता देखिए पनि सङ्कथनमा भने भिन्नता छ । दर्शन, विचार, धारणा वा सङ्कथन भिन्न भएकाले प्रोफेसर शर्मालाई अरू प्रोफेसर शर्माहरूले खेदो गरिरहन्छन्, प्रहार गरिरहन्छन् :

उसका समकालीन
अरू प्रोफेसर शर्माहरू पनि
अरू प्रोफेसर शर्माहरू पनि
धेरै अर्थमा
ऊ जस्तै थिए ! (पृ. २९) ।
प्रोफेसर शर्मालाई पनि
उनीहरूले
धेरैपटक
एक्लो गोहोरो जस्तो बनाएर
शब्दका कोर्रले हिर्काउँदै जीवनका भिरहरूबाट लडाएका थिए ! (पृ. ३३)

नयाँ प्रोफेसर शर्माहरू पञ्चायती व्यवस्थाको अवसानपछिको पुस्ता हो । यसले नयाँ पुस्ताका राजनीतिक नेतृत्वपङ्क्तिलाई सङ्केत गर्दछ । तिनीहरू आफ्नै चिन्तन, आफ्नै पद्धति, आफ्नै सङ्कथन बनाउन असमर्थ छन् । उनीहरूले पञ्चायती व्यवस्थाकै अनुसरण गरिरहेका छन्, तर विकृत रूपमा, खण्डित रूपमा ।

पुराना डायरीका
जीर्ण पानाहरू
नयाँ प्रोफेसर शर्माहरूले
आफ्नो हात–हातमा लिएका थिए ! (पृ. ४८)

डायरीका खण्ड खण्ड अंशलाई समग्रता ठान्नु मनोविश्लेषणका अर्थमा काल्पनिक सत्य हो, दर्पणावस्थामा शिशुले ऐनामा देखिएको आफ्नो शरीरको खण्डित बिम्बलाई समग्र ठाने जस्तै हो । नयाँ प्रोफेसर शर्माहरू शिशु जस्तै परनिर्भर, भयाक्रान्त छन् । ज्ञान नै शक्ति हो, त्यो नभएकाले उनीहरूमा आत्मबलको कमी छ । त्यही भएर उनीहरू सधैँ पुरानो सत्ता फर्कने डरले ग्रस्त छन्, बन्ध्याकरणको डरले ग्रस्त बालक जस्तै भयातुर छन् । उनीहरूलाई प्रोफेसर शर्माको भूतले खेदिरहेको लाग्छ, तर्साइरहेको लाग्छ :

ए ! म हुँ
सक्कली प्रोफेसर शर्मा !
म मरेकै छैनँ भने
तिमीरू कसरी
नयाँ प्रोफेसर शर्मा भयौ ?
मेरै डायरीका
पुराना पानाहरू बोकेर
तिमीहरू कसरी
नयाँ इतिहासका निर्माता भयौ ? (पृ. ४६)

अनुपस्थितको उपस्थितिको त्रास लकाँका अनुसार काल्पनिक अवस्था हो । प्रोफेसर शर्माको भूत उसको अप्रत्यक्ष उपस्थिति हो । अनुपस्थितको उपस्थिति हुनु शून्यतामा भविता हुनु हो, अस्तित्ववान् हुनु हो । शून्यता भविताकै मुटुमा हुन्छ (सात्र्, सन् २०१२, पृ. ४६) । भूतका रूपमा प्रोफेसर शर्माको अस्तित्व कायमै छ, उसले आफ्नो अस्तित्वको दाबी गरिरहेको छ । त्यसले आफ्नो सत्ता खोस्न सक्ने दुश्चिन्ता नयाँ पुस्तामा व्याप्त छ । दुश्चिन्ता पनि अनुपस्थितको उपस्थिति नै हो । त्यसैले त्यो यथार्थभन्दा टाढा हुन्छ । दुश्चिन्ता अयथार्थ भएर पनि यथार्थभन्दा बढी बलशाली हुन्छ ।

प्रोफेसर शर्माको भूत नयाँ पुस्ताको मानसिकतामा व्याप्त छ । भूत बृहत् अन्य (बिग अदर) हो (लकाँ, सन् २००६, पृ. ६८९) । त्यो प्रतीकात्मक बाबु हो, नेम–अफ–द–फादर हो । बाबु सामाजिक सांस्कृतिक नियमको प्रतिनिधि हो । प्रोफेसर शर्मा अर्थात् प्रतीकात्मक बाबुको मृत्यु मातृरति ग्रन्थिका दृष्टिले अर्थपूर्ण छ । आफ्नो देश व्यक्तिका लागि आफू रहने स्थान मात्र होइन, आफ्नो मातृभूमि पनि हो । मातृस्वरूपको त्यस भूमिमा शिशुले आमामाथि एकछत्र अधिकार चाहे जस्तै जनताको चाहना हुन्छ तर पितृस्थानिक शासक वर्गबाट त्यसमा सधैँ व्यवधान उत्पन्न भइरहन्छ । बालकले अचेतनमा बाबुको मृत्यु चाहे जस्तै शासन व्यवस्थाको प्रतिनिधि प्रोफेसर शर्माको अवसान भएको छ । सत्ताधारीको प्रशस्ति गाउन मात्र जान्ने रेडियो, टेलिभिजन, अखबार आदि सञ्चार माध्यमहरू सत्ताच्यूत भएको प्रोफेसर शर्मा जस्ताप्रति बेखबर रहन्छन्, अनभिज्ञ रहन्छन् ।

## घटनाको सहभागी : प्रोफेसर शर्माको अर्थ

प्रस्तुत लामो कविताको आख्यानमा देखापर्ने प्रोफेसर शर्मालाई विभिन्न अर्थमा पहिचान गर्न सकिन्छ । प्रोफेसर शर्मा को हो भन्ने प्रश्न उसको पहिचान, उसको निजत्व, उसको अस्तित्वसँग सम्बन्धित छ । पहिचानका लागि नाम, थर, लिङ्ग, जाति, पेसा, देश, काल, प्रतिनिधित्व आदिको आधार लिइन्छ । यी कुरालाई आधार मान्ने हो भने प्रश्न उठ्छ— प्रोफेसर शर्माको नाम के प्रसाद, लाल, राज वा कुमार होला ? ऊ अधिकारी, आचार्य, गौतम, घिमिरे आदि कुन थरको होला ? तर कविता मौन छ । व्यक्तिवाचक नामप्रति कविता उदासीन छ । "निदाएकी यशोधरा जस्ती श्रीमती, र राहुलजस्ता छोराछोरीहरूलाई त्यागेर" (पृ. २१) भनेर सिद्धार्थ जस्तै हराएको भनिएकाले ऊ पुलिङ्ग भएको बुझिन्छ । ऊ किन स्त्रीलिङ्ग हुनसकेन ? किन तेस्रो लिङ्गी हुनसकेन ? प्रोफेसर शर्मा नै किन भनियो ? किन प्रोफेसर चौधरी, प्रोफेसर गन्धर्व, प्रोफेसर चामलिङ्ग, प्रोफेसर गोले, प्रोफेसर थापा हुनसकेन ? यहाँ यस्तै यस्तै अनेकौँ प्रश्न तेर्स्याउन सकिन्छ । डायरी बोक्नलाई प्रोफेसर नै चाहिने त होइन । ठेकेदार शर्मा, व्यापारी शर्मा, सूचीकार शर्मा, चलचित्र निर्देशक शर्मा आदि पनि भन्न सकिन्थ्यो । तर कवितामा प्रोफेसर शर्मा नै भनिएको छ । त्यसो भए त्यो वर्गीय प्रतिनिधित्वका आधारमा लिइएको हो कि भन्ने प्रश्न उठ्छ । कवितामा अरू प्रोफेसर शर्माहरू र नयाँ प्रोफेसर शर्माहरू पनि छन् । त्यसो भए तापनि प्रोफेसर शर्मा र अन्य प्रोफेसर शर्माहरूका बिच स्पष्ट भिन्नता छ, व्यतिरेकी छ । प्रोफेसर शर्मा र अरू प्रोफेसर शर्माहरूबिचको भिन्नता स्थानिक हो र प्रोफेसर शर्मा र नयाँ प्रोफेसर शर्माहरू बिचको भिन्नता कालिक हो । समकालीन एवं उत्तरकालीन प्रोफेसर शर्माहरूभन्दा पृथक् प्रोफेसर शर्माले प्रोफेसर वर्गको प्रतिनिधित्व गर्दैन । जन्ममिति र ठेगानासमेत नखुल्ने प्रोफेसर शर्माको गतिविधिको वर्णन मात्र पाइन्छ, थप परिचय पाइँदैन । कविताले त्यसतर्फ रुचि देखाएको छैन ।

व्यक्तिवाचक नाम व्यक्तिको पहिचानको मूलाधार हुनसक्तैन । नामले दिने अर्थ र व्यक्तिमा कुनै सामञ्जस्य, तालमेल मिलेको हुँदैन । जहाँ अर्थको कुरा आउँछ, त्यहाँ अरू केही हुँदैन तर सङ्केत हुन्छ (डेरिडा, सन् २००२, पृ. ५०) । नाम कुनै व्यक्ति वा वस्तुविशेषको सङ्केतक मात्र हो । त्यसले व्यक्ति वा वस्तुको स्वरूप, आचरण, प्रवृत्ति, विशेषता, रुचि, इतिहास आदि कुनै कुराको पनि प्रतिनिधित्व गर्न सक्तैन । त्यसैले व्यक्तिका लागि जुनसुकै नाम अर्थात् सङ्केतकको प्रयोग हुनसक्छ । त्यो परिचयको सामान्य आधार मात्र हो । यस कवितामा पात्रलाई चिनाउन प्रोफेसर शर्मा भनिएको छ । त्यो कुनै व्यक्ति, उसको लिङ्ग, जाति, पेसा, देश, काल आदिको परिचायक होइन, सङ्केतक मात्र हो । सङ्केतक र सङ्केतित अर्थात् शब्द र अर्थका बिच प्रत्यक्ष सम्बन्ध हुँदैन । त्यसैले प्रोफेसर शर्मा भन्ने सङ्केतकको अर्थ पनि कवितामा प्रस्तुत सन्दर्भका आधारमा खोजिनुपर्छ । त्यही कुरा प्रोफेसर शर्माको डायरीमा पनि लागू हुन्छ ।

प्रस्तुत कविता प्रोफेसर शर्माको जीवनवृत्तको आलेख वा उसको

इतिहासको रेखाङ्कन होइन । इतिहासका लागि साक्षी र प्रमाणको खाँचो पर्दछ । यो कल्पना प्रसूत रचना हो । कल्पनाको जन्म वास्तविक अभावबाट हुने भए पनि कल्पना र यथार्थ बिच धाँजा फाटिरहेको हुन्छ । त्यही धाँजा, दरार वा अन्तराल नै अचेतन हो (लकाँ, सन् १९७८, पृ. २२) । साहित्य अचेतनका इच्छाको अभिव्यक्ति हो, स्वतन्त्र साहचर्य जस्तै हो । कल्पना सङ्केतक र वास्तविक अभाव सङ्केतित हो । यस कवितामा तीन प्रकारका प्रोफेसर शर्माहरूको कल्पना गरिएको छ— प्रोफेसर शर्मा, अरू प्रोफेसर शर्माहरू र नयाँ प्रोफेसर शर्माहरू । प्रोफेसर शर्मा कविताको मूल विषय, अरू प्रोफेसर शर्माहरू उसका समकालीन सहकर्मीहरू अनि नयाँ प्रोफेसर शर्माहरू उसको नौलो पुस्ताका प्रतिनिधिका रूपमा आएका छन् । अभिधा र व्यञ्जना दुवै स्तरमा तिनको उपस्थिति अर्थपूर्ण छ ।

प्रोफेसर शर्माको शर्मा परम्परावादी छ । उसको ज्ञानको आधार प्राचीन छ, प्राध्यापनको सामग्री पुरातन छ, शिक्षण पद्धति परम्परागत छ । कवितामा भनिएको छ :

शरीरका रगत सुकाएर
उसले घोकेको थियो—
सिद्धान्त कौमुदी
र पाणिनीका कठोर सूत्रहरू !
मस्तिष्क गाँठो पर्ने गरी
उचालेको थियो—
पुराना पुस्तकका
सहस्र ठेलीहरूको पृथिवी ! (पृ. ८)

तीस वर्षदेखि एउटै डायरीको भरमा उही कुरा मात्र पढाउने, नयाँ दृष्टिकोण दिन नसक्ने परम्परावादी प्रोफेसर शर्मालाई विद्यार्थीको प्रश्न छ :

"सर !
तीस वर्षदेखि आजसम्म
के यो संसारको इतिहास
पूरै रित्तो छ ?
के कुनै नयाँ विचारहरूले
जन्म भएन तीस वर्षसम ?
के हिउँ जस्तो चिसो बनेर
निरन्तर जमिरह्यो समय ?
के लेखिएनन् कुनै
रगतका नयाँ शिलालेखहरू ?
के जन्मिएनन् कुनै
आवाजका नयाँ अनुच्छेदहरू ?
त्यसो भए के फरक छ सर
विश्वविद्यालय र भैँसीगोठमा ?" (पृ. १६)

प्रोफेर शर्माको खिल्ली उडाए पनि अरू प्रोफेसर शर्माहरू पनि एक एकओटा डायरी च्यापेर हिँड्छन् । विद्वान् र लेखक कहलिने तर अध्ययन र लेखनमा भन्दा राजनीतिक क्रियाकलापमा, ज्ञानमा भन्दा देखावटीपनमा र स्वाभिमानमा भन्दा नेताभक्तिमा लाग्ने प्रवृत्ति उनीहरूमा रहेको छ । प्रोफेसर शर्मामा जुन प्रकारको निष्ठा छ, लगाव छ र समर्पणभाव छ ती कुरा अरू प्रोफेसर शर्माहरूमा पाइँदैन । उनीहरू चलाखी, चाकरी र चाटुकारिताका आधारमा सफलताको सिँढी चढिरहेका छन् । उनीहरूका बारेमा भनिएको छ :

स्कुल र कलेजका
लोकप्रिय गाइडहरू लेख्थे !
परीक्षाका गेसपेपरहरू लेख्थे !
पुराना प्रश्नपत्रहरू सङ्कलन गरेर
नयाँ किताबहरू निर्माण गर्थे
र बजारमा उनीहरूको नाम थियो !
हातमा प्रशस्त दाम थियो ! (पृ. ३०—३१)
××× ××× ×××
अरू प्रोफेसर शर्माहरू
पवित्र देवस्थल जस्तै
राजनीतिक पार्टीका
धर्मद्वारहरूमा
शिर झुकाएर रुन्थे
र उनीहरूको निधारमा कुल्चिएर
भगवान्हरू
ओहोरदोहोर गर्थे ! (पृ. ३२)

नयाँ प्रोफेसर शर्माहरू बेफुर्सदी छन्, निजी शैक्षिक संस्थाहरूमा पढाउन दौडादौडी छ । ज्ञानमा भन्दा धनमा जोड दिने भएकाले उनीहरू पढाउनमा भन्दा कमाउनमा ध्यान दिइरहेका छन्, अरूका सामग्रीबाट काम चलाइरहेका छन् । उनीहरूका बारेमा भनिएको छ :

उनीहरू
कुनै अपदस्थ सम्राट्को
श्रीपेच जस्तो
टाउकाको हेल्मेट नै नफुकाली
कक्षाकोठाको मौनताभित्र प्रवेश गर्थे
र मेसिनका नयाँ पुर्जा जस्ता
जोशिला हातहरूमा
नयाँ डायरी निकालेर
नयाँ विद्याथीहरूलाई
हतार–हतार
नयाँ नोटहरू लेखाउँथे !
भविष्य कल्पेर छटपटाइरहेका
उदास विद्यार्थीहरूले सोधिरहेको
कुनै निरीह प्रश्नको
पूर्ण र स्पष्ट जवाफै नदिई
उनीहरू फेरि
हतार–हतार
कक्षाकोठाबाट बाहिर निस्कन्थे
र दौडन्थे कुनै प्राइभेट कलेज
अथवा बोर्डिङ स्कुलतिर ! (पृ. ३८—३९)

यी तीनैथरी प्रोफेसर शर्माहरू नेपालको उच्च शिक्षामा देखिएका विकृति र विसङ्गतिका वास्तविक बिम्ब हुन् । बिम्बमा देखिने स्वरूप समग्रता भने होइन । त्यो दर्पणावस्थाको स्वरूप हो । त्यसलाई प्रतीकात्मक अर्थमा बुझ्दा सुरु हुन्छ शब्दको खेल । त्यसबाट नयाँ नयाँ अर्थका सम्भावनाहरू जन्मिरहन्छन् । अर्थ खोज्दै जाँदा एउटा सङ्केतक अर्को सङ्केतकसँग जोडिँदै जान्छ र प्रोफेसर शर्माको अर्थ खुल्ने प्रशस्त बाटाहरू फेलापर्दछन् ।

## घटनासँग सम्बन्धित वस्तु : डायरीको अर्थ

प्रस्तुत लामो कवितामा डायरी एक्लैको स्वतन्त्र सत्ता छैन, सार छैन, अस्तित्व छैन । प्रोफेसरसँगको सम्बन्धबाट मात्र त्यसले विशिष्ट अर्थ प्राप्त गर्दछ, अनि मात्र त्यो अस्तित्ववान् बन्दछ । त्यसैगरी डायरीबिनाको प्रोफेसर शर्मा अर्थहीन छ, स्वत्वहीन छ । प्रोफेसरको सत्ता डायरी रहेसम्म मात्र कायम रहनसक्छ । एकको अस्तित्वका लागि अर्काको उपस्थिति अपरिहार्य हुन्छ (सात्र, सन् २०१२, पृ. २४७) । कविताको समग्र संरचना प्रोफेसर र डायरीको सम्बन्ध, विच्छेद, वियोग वा वियुक्तिसँग सम्बन्धित छ, तिनको अस्तित्वको प्रश्नसँग सम्बन्धित छ ।

प्रोफेसर शर्माको तीस वर्षदेखिको डायरी हराउनुलाई अभिधार्थ छोडेर व्यङ्ग्यार्थतर्फ लाग्दा उसको लामो जीवनकाल गयो, जवानी गयो, जागिर खाने उमेर गयो, परिश्रम खेर गयो, शक्ति–जोस–जाँगर हरायो, अध्यापनको पुरानो सामग्री काम नलाग्ने भयो भन्ने जस्ता अनेकौँ अर्थ लगाउन सकिन्छ । तर यी अर्थहरू मात्र पर्याप्त छैनन् । सर्वप्रथम डायरीको अर्थ सन्दर्भहरूबाट खोज्नु उपयुक्त हुन्छ ।

यस कवितामा डायरी प्रोफेसर शर्माको पढाउने आधार थियो भन्ने भन्ने सोझो अर्थ बुझिन्छ । डायरीबिना कक्षामा पढाउन असम्भव छ । कवितामा भनिएको छ :

ज्ञानको शक्ति कुल्चिँदै आएका
छापामार युद्धका गुरिल्ला जस्ता
सपनाशून्य विद्यार्थीहरूलाई

कसरी शान्त बनाउने अब ? (पृ. ७)

यसको एउटा अर्थ डायरी ज्ञानको भण्डार थियो भन्ने पनि देखिन्छ :

हो, त्यही डायरीमा—
प्रोफेसर शर्माको
सम्पूर्ण ज्ञान र अनुभवको
सिङ्गो संसार अटाएको थियो ! (पृ. ६)

डायरी आयआर्जनको माध्यम थियो भन्ने अर्थ पनि लगाउन सकिन्छ । त्यो जागिर खाने आधार हो र जागिर आर्थिकोपार्जनको आधार हो । त्यसबारे कवितामा भनिएको छ :

त्यही डायरी थियो—
उसको उभिने बलियो लट्ठी !
त्यही डायरीले किनेको थियो—
श्रीमतीको रातो सारी !
त्यही डायरीले तिरेको थियो—
छोराछोरीको चर्को फिस !
त्यही डायरीले चुकाएको थियो—
औषधीको महँगो बिल !
र त्यही डायरीले बालेको थियो—
घरको चिसो चुलो ! (पृ. ११—१२)

समग्रमा डायरी शक्तिको आधार थियो, केन्द्र थियो । डायरी हराउनु भनेको केन्द्रको अनुपस्थिति हो । जब केन्द्रको अनुपस्थिति हुन्छ, अनि सबै कुरा सङ्कथन बन्दछन् (डेरिडा, सन् २०१२, पृ. ३५४) । फुकोको भाषामा भन्नुपर्दा सङ्कथन ज्ञानमा आधारित हुने भएकाले सङ्कथन शक्ति हो (फुको, सन् २००१, पृ. २११) । त्यही शक्ति शासनको आधार हो । प्रोफेसर शर्माको डायरीमा प्राचीन सिद्धान्त, अभिलेख, इतिहास, साहित्य, लोकसाहित्य एवं व्याकरणका कुरा थिए अर्थात् डायरी आफैमा सङ्कथनहरूको सङ्ग्रह थियो । उसले त्यही डायरीका आधारमा कक्षा नियन्त्रण गर्थ्यो, आफ्नो प्रभुत्व जमाउँथ्यो । त्यो डायरी हराएपछि उसको शक्ति पनि समाप्त भएको छ, ऊ सत्ताविहीन, निरुपाय र हताश बनेको छ । डायरी शक्तिको स्रोत अर्थात् सङ्कथन हो भने प्रोफेसर शर्मा शक्तिको प्रयोगकर्ता अर्थात् शासक हो । डायरी हराएपछि प्रोफेसर शर्माको शासनको पनि अन्त्य भएको छ । उसले तीस वर्षदेखिको पुरानो डायरीका आधारमा प्राध्यापन गरिरहेको थियो, नयाँ विचार दिन सकिरहेको थिएन । उसको डायरी परम्पराका रूपमा, रूढिका रूपमा स्थापित छ । त्यसैले प्रोफेसर शर्मा पुरानो लाग्छ, उसका सङ्कथन पुरानो लाग्छ, विश्वविद्यालय भैँसीगोठ जस्तो लाग्छ ।

## निष्कर्ष

विप्लव ढकालको प्रोफेसर शर्माको डायरी लामो कविता आख्यानयुक्त छ । कविताको लामो संरचनामा आख्यानको समावेश गरिएको पाइन्छ । आख्यानमा घटना, पात्र, परिवेश जस्ता कुरा आवश्यक हुन्छ । प्रस्तुत लामो कवितामा आख्यान र काव्यकलाको बाटिएर आएको छ । यस कविताले प्रोफेसर शर्माको डायरीको कथा प्रस्तुत गरेको छ । त्यस कथाको घटना, पात्र र घटनासँग सम्बद्ध वस्तुलाई विभिन्न अर्थमा बुझ्न सकिन्छ । शब्दको अर्थगत बहुलताको मान्यता उत्तरसंरचनावादी अवधारणा हो । त्यसको आरम्भ विनिर्माणवादबाट भएको हो । त्यसमा ज्याक डेरिडाको अग्रणी भूमिका छ र रोलाँ बार्थ, ज्याक लकाँ, मिसेल फुको आदिले योगदान दिएका छन् । ज्याक डेरिडाले आफ्नो मान्यता अर्थकेन्द्रवादको आलोचनाका रूपमा प्रस्तुत गरेका छन् । शब्दकेन्द्रवादलाई शब्दसँग अर्थ वा विचार पनि जोडिएर आउने हुनाले त्यसलाई अर्थकेन्द्रवाद पनि भन्न सकिन्छ । केन्द्रले संरचनाको खेललाई बन्द गरिदिन्छ । केन्द्रको अनुपस्थितिमा हरेक कुरा सङ्कथन बन्दछ र अनन्त अर्थको खेल विस्तार गर्दछ भन्ने डेरिडाको मान्यता छ । भाषाले कुनै विचार, वस्तु, व्यक्ति आदिको सङ्केत गर्दछ । सङ्केतले केन्द्रलाई प्रतिस्थापित गर्दछ । सङ्केतअन्तर्गत सङ्केतक र सङ्केतित पर्दछन् । शब्दकेन्द्रवाद द्विचर विरोधमा अडेको हुन्छ । डेरिडाले द्विचर विरोधको विलोपन र विपर्यास गरेका छन् । 'डिफराँस' विनिर्माणवादको मुख्य अवधारणा हो । त्यो भनेको परम्परागत अर्थ स्थगित हुनु र अर्थ अन्यभन्दा भिन्न हुनु हो । त्यस प्रक्रियामा एउटा शब्दबाट अरू अर्थ बन्दै जान्छ र अर्थ चिप्लिरहने हुन्छ । अर्थका सम्बन्धमा अन्य उत्तरसंरचनावादी विद्वान्हरूले पनि आफ्ना दृष्टिकोण प्रस्तुत गरेका छन् । प्रस्तुत कविताको घटना, पात्र र वस्तुलाई विभिन्न अर्थमा बुझ्न सकिन्छ । कविताको घटनाले सोझो अर्थमा शैक्षिक जगत्मा देखिने विकृतिको यथार्थलाई बुझाउँछ । ज्ञानको निर्माणतर्फभन्दा पुरानो डायरीका आधारमा पुरानै कुरा भट्याउने, अध्ययन-अध्यापनभन्दा नेताको पछि लाग्ने, नयाँ पुस्ता पनि पुरानै पुस्ताको ज्ञानमा सीमित हुने प्रवृत्ति विश्वविद्यालयमा देखापर्दछ । त्यसलाई पुरानो शासन व्यवस्थाको अन्त्य र नयाँ व्यवस्थाको आरम्भका रूपमा पनि लिन सकिन्छ । त्यसलाई मनोविश्लेषण र अस्तित्ववादका आधारमा पनि हेर्न सकिन्छ । प्रस्तुत लामो कविताको पात्र प्रोफेसर शर्मालाई विभिन्न अर्थमा पहिचान गर्नसकिन्छ । पात्रलाई व्यक्तिवाचक नाम नदिई सङ्केत मात्र गरिएको छ । यस कवितामा प्रोफेसर शर्मा, अरू प्रोफेसर शर्माहरू र नयाँ प्रोफेसर शर्माहरू गरी तीनैथरी प्रोफेसर शर्माहरू नेपालको उच्च शिक्षामा देखिएका विकृति र विसङ्गतिका वास्तविक बिम्ब हुन् । प्रस्तुत लामो कवितामा डायरीलाई विभिन्न अर्थमा बुझ्नसकिन्छ । त्यसलाई प्रोफेसर शर्माको पढाउने आधार, ज्ञानको भण्डार, आयआर्जनको माध्यम, शक्तिको आधार आदि अर्थमा लिनसकिन्छ । यस कवितामा अनेक अर्थ लगाउन सकिने ढोका खुला छन् । अभिधार्थ एवं व्यङ्ग्यार्थ दुवैमा उत्तिकै सबल, अर्थपूर्ण एवं प्रभावकारी ढङ्गमा आफ्ना विचार सम्प्रेषित गर्नसक्नु कविताकलाको सफलता हो । यस कविताले थोरैमा धेरै भन्ने र सामान्यबाट विशिष्ट अर्थ बुझाउने पर्याप्त क्षमता राख्दछ । अनेकार्थी प्रयोगका दृष्टिले प्रस्तुत लामो कविता सफल रहेको छ ।

## सन्दर्भ सामग्रीसूची


ढकाल, विप्लव (२०६५), प्रोफेसर शर्माको डायरी, काठमाडौँ : कालचक्र, नेपाल ।

Barthes, R. (1977). *Image magic text*, (S. Heath, Ed.). Fontana Press.

Derrida, J. (1978). *Writing and difference* (A. Bass, Trans.). Routledge.

Derrida, J. (1982). *Margins of philosophy* (A. Bass, Trans.). The Harvester Press.

Derrida, J. (1997). *Of grammatology*, (G. C. Spivak, Trans.). The Johns Hopkins Univerity Press.

Derrida, J. (2002). *Of Grammatology*, (G. C. Spivak. Trasn.). Motilal Banarasidass Publishers Pvt. Ltd.

Derrida, J. (2012). *Writing and Difference*. Trans. Alan Bass. 1st Indian Reprint. London New York: Routledge Classics.

Faucault, M. (2001). *The Order of Discourse*. In P. Rice P. Waugh (Eds.), Modern Literary Theory (4th ed., pp. 210-222). Bloomsbury Academic.

Foucault, M. (1970). *The order of things: An archaeology of the human sciences*. Routledge.

Habib, M. A. R. (2005). *A history of literary criticism: From Plato to the present*. Blackewell Publishing.

Lacan, J. (1977).The seminar of Jacques Lacan. Book XI. *The Four fundamental concepts of psychoanalyis*, (J. A. Miller, Ed., A. Sheridan, Trans.). W. W. Norton Company.

Lacan, J. (1978). *The Four Fundamental Concepts of Psychoanalysis*, (A. Sheridan, Trans.). W. W. Norton Company.

Lacan, J. (2006). *Écrits*, (B. Fink, Trans.). W. W. Norton Company.

Lyotard, J. F. (1984). *The postmodern condition: A report on knowledge*, (Theory and history of literature, Vo. 10, G. Bennington B. Massumi, Trans.). Manchester Univerity Press.

Satre, J. P. (2012). *Being and Nothingness*, (H. E. Barnes, Trans.). Routledge Classics.

Saussure, F. D. (1959). *Course in general linguistics*, (W. Baskin, Trans.). Philosophical Library.